# तिलोत्तमा नगरपालिका

## स्थानीय राजपत्र

**खण्ड ३) तिलोत्तमा, कार्तिक महिना १० गते २०७६ साल (अतिरिक्ताङ्क १९**


**भाग : २**

**तिलोत्तमा नगरपालिका**

तिलोत्तमा नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

### सम्वत् २०७६ सालको कार्यविधि नं. १५

### कार्यविधिको नाम : तिलोत्तमा नगरपालिकाको "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७५ (दोस्रो संशोधन २०७६)

| क्र.सं | हालको व्यवस्था | संशोधन गरी कायम हुने | संशोधनको कारण |
|---|---|---|---|
| १<br><br><br>२ | X<br><br><br><br><br><br>X | **कार्यविधिको दफा ४ पछि देहायको दफा (४ क) र दफा (४ख) थप गर्नुपर्ने**<br>**४ क इजाजतपत्रको नामसारी**<br>१) एक व्यवसायीले लिएको ईजाजतपत्र अर्को व्यवसायीको नाममा नामसारी दिन सकिने छ ।<br>२) उपदफा (१) बमोजिम ईजाजत पत्र नामसारी दिन लिन परेमा<br>क) निर्माण व्यवसायीको फर्म दर्ता गर्ने कार्यालयबाट फर्म नामसारि भएको हुनुपर्नेछ ।<br>ख) नामसारी लिने व्यवसायीले पनि नयाँ ईजाजत लिने चाहने योग्यता र प्रकृया पुरा | प्रावधान थप गर्न आवश्यक देखिएकोले । |

| | | | |
|---|---|---|---|
| | | गरेको हुनुपर्नेछ ।<br><br>**४ ख इजाजतपत्रको ठाउँसारी**<br>१) अन्य स्थानीय तहबाट ईजाजत लिएका व्यवसायीले तिलोत्तमा नगरपालिकामा ठाउंसारि भई आउन कारण खोली निवेदन दिएमा त्यस्तो कारण मनासिव देखिएमा निजको साविकको ईजाजत रद्द गरि तिलोत्तमा नगरपालिकाको नामबाट ईजाजत दिन सकिने छ ।<br>२) उपदफा (१) बमोजिम ठाउँसारिको निवेदन दिनुपूर्व फर्मको दर्ताको प्रमाणपत्रमा ठाउँसारि भई जाने स्थानको ठेगाना कायम गराएको हुनुपर्नेछ ।<br>३) ठाँउसारी भइ आउन चाहेमा तिलोत्तमा नपाको इजाजत पत्र सम्बन्धी कार्यविधिले तोकेको मापदण्ड पूरा गरेको हुनु पर्नेछ ।<br>४) यस कार्यालयको नामबाट ईजाजत लिएका व्यवसायीले अन्य स्थानीय तहमा ठाउंसारि भई जान चाहेमा कार्यालयले लगत कट्टा गरी ठाउँसारि गरिदिनुपर्नेछ । | |

**आज्ञाले**

**प्रमाणीकरण मितिः २०७६/०७/१०**

**(माधव प्रसाद शर्मा)**
**प्रमुख प्रशासकीय अधिकृत**